स्थानीय सरकार
LOCAL GOVERNMENT

# सम्मरीमाई गाउँपालिका

SAMMARIMAI RURAL MUNICIPALITY

# गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
फरेनी, रुपन्देही
FARENA, RUPANDEHI

लुम्बिनी, प्रदेश नेपाल
Lumbini, Province Nepal

प.स. /Ref No. २०८२/०८३
च.न. /Dispatch No. ११५५

मितिः२०८३।०१।१५

## सार्वजनिक जग्गा खाली गर्ने सम्बन्धी जरुरी सूचना ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार सार्वजनिक ऐलानी, पर्ति जग्गा र सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण गर्ने कार्य स्थानीय सरकारको दायित्व अन्तर्गत रहने कानूनी व्यवस्था रहेको छ। यस गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाहरु, बाटो, टहरा, कुलो, ताल तथा पोखरी लगायतका सार्वजनिक जग्गाहरुमा केही व्यक्तिहरुले अतिक्रमण गरी भोगचलन गरेको भन्ने गुनासो समेत कार्यालयमा प्राप्त भएको हुँदा भोगचलन गरेका सार्वजनिक जग्गाहरु यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र खालि गर्न सम्बन्धित सबैलाई जानकारी गराईन्छ। तोकिएको समयमा खाली नगरेको अवस्थामा गाउँपालिकाले प्रचलित कानून बमोजिम अतिक्रमित जग्गाहरु हटाउने अभियान संचालन गर्ने हुँदा हटाउँदा लागेको खर्च क्षतिपूर्ति र अन्य जिम्मेवारी सम्बन्धित पक्षबाट असुल उपर गरिने बेहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

यसरी अतिक्रमित जग्गाहरु हटाउने गाउँपालिकाको अभियानमा आम नागरिकहरुको सकारात्मक सहयोगको अपेक्षा सहित गाउँपालिकाले हार्दिक अपिल गर्दछ साथै सार्वजनिक जग्गाहरु कही कतै कसैले भोगचलन तथा अतिक्रमण गरेको पाईएमा गाउँपालिका तथा सम्बन्धित वडा कार्यालयहरुमा जानकारी गराउनु हुन समेत अनुरोध छ।

बिनोद कुमार श्रीवास्तव
अध्यक्ष

Email:- info@sammarimaimun.gov.np
sammarimairm@gmail.com
Website:-sammarimaimun.gov.np
Office Phone No:-9779857016956
"कृषि, शिक्षा, स्वास्थ्य, व्यवसाय र रोजगार, समृद्ध सम्मरीमाई विकासको आधार"